# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. :- ०७८/०७९
च.नं. :- 492

मिति -२०७८/०६/०८

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काहुले, नुवाकोट बागमती प्रदेश, नेपाल

**विषय- कृषि सहकारी/कृषक समुह/आमासमुहहरुलाई सुचिकृत हुने सम्बन्धमा।**

श्री किस्पाङ गाउँपालिका अन्तर्गतका सबै कृषि सहकारी/ कृषक समुहहरु/आमा समुहहरु
किस्पाङ गाउँपालिका, नुवाकोट

प्रस्तुत विषयमा जापान सरकारको आर्थिक सहयोगमा विश्व खाद्य कार्यक्रमको अगुवाईमा साझेदार संस्थाहरु शान्ति भोलन्टियर एसोसियन, नेपाल (SVA , Nepal) र सामुदायिक तथा ग्रामिण विकास समाज नेपाल (CARDSN) द्बारा सञ्चालन भईरहेको राष्ट्रिय विद्यालय दिवा खाजा कार्यक्रम परियोजना (The project for the National School Mcals Programme in Nuwakot District) अन्तर्गत संचालन गरिने मुख्य क्रियाकलाप Home Grown School Feeding Approch मा कृषि सहकारी/कृषक समुह/आमाहरुले स्थानीय स्तरमा उपलब्ध हुने खाद्य सामाग्रीहरु दिवा खाजाको मेनु निअनुसार सम्बन्धित विद्यालयहरुलाई नियमित आपुर्ति गर्ने गरी विद्यालय र सहकारी बीच सम्झौता Forward-Contracting गरांई विद्यालय बालबालिकाहरुलाई पोषणयुक्त र स्वस्थकर दिवा खाजा खुवाउनका लागि इच्छुक कृषि सहकारी संस्था वा कृषक समुहहरुले निम्न लिखित कागजातहरु सहित गाउँपालिकाको सुचना शाखामा सुचिकृत हुनका लागी यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

कृषि सहकारी छनोटका आधारहरु:-

१.गाउँपालिकामा दर्ता/ सुचिकृत भएको हुनुपर्ने।
२.आ.व. ०७६/०७७ सम्मको लेखापरिक्षण भइ नवीकरण गरिएका क्रियाशिल कृषि सहकारीहरु।
३.विगत लामो समयदेखि कृषि उत्पादन तथा व्यवसायमा संलग्न रहेको।
४.सहकारीमा साना किसानहरु तथा कृषक समुहहरु समावेश भएको ।
५.आर्थिक स्थायित्व, तरलता तथा पारदर्शिता भएको ।
६ महिला नेतृत्व गरेको तथा महिला सदस्यहरु धेरै भएको।
७.आपुर्ति प्रणालीका लागि मानवसंशाधन व्यवस्थापन योजना भएको ।
८.जोखिम वहन तथा न्यूनीकरण क्षमता भएको।

.............................
चक्र साउद
शिक्षा अधिकृत